# बसबरिया गाउँपालिका

## भवानीपुर, सर्लाही

प्रदेश नं.२

स्थापना-२०७४

## २०७७/७८ को नीति तथा कार्यक्रम

मितिः २०७७/०३/१०

## बसबरिया गाउपालिकाको
## आ.व. २०७७।७८ को नीति तथा कार्यक्रम

**पृष्ठभूमि**

**नेपालको संविधानले परिकल्पना गरेअनुरुप राज्यमा संघीय शासन व्यवस्था लागु गर्ने सन्दर्भमा स्थानीय तहको निर्वाचनपश्चात गठन भएको बसबरिया गाउपालिका सरकारको तफबाट पहिलो ऐतिहासिक गाउसभा समक्ष आर्थिक वर्ष २०७७।७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु । यो सभअवसरमा सर्वप्रथम त नेपालको इतिहासका विभिन्न कालखण्डमा निरङ्कुशताविरुद्ध, अगग्रमन, लोकतन्त्र, राष्ट्रहित तथा विधिको शासनका पक्षमा आफ्नो जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु ।**

**यस गाउपालिकाको नेतृत्व गर्ने बसबरिया गाउ सरकारले संविधानको मर्म, शहिदका सपना, जनमतको कदर गर्दै बसबरिया गाउपालिकालाई समुन्नत, समृद्ध बसबरिया बनाउने लक्ष्य राखेको छ ।**

**साथै, अहिलेको समयमा यस कोरोना भाईरसले व्यक्ति, परिवार, समाज, वडा, पालिका, जिल्ला, प्रदेश, देश र समस्त विश्वका सबैजसो क्षेत्रमा असर पारेको सर्बिबिधितै छ कोरोना नियन्त्रण, स्वास्थोपचार, नियमित जीवन यापन, आर्थिक, सामाजिक क्षेत्रमा गम्भीर असर पारिरहेकोले आगामी बर्षको कार्यक्रम पूर्वानुमान गर्न, प्राथमिकीकरण गर्न र कार्यान्वयन ढाँचा निर्धारण गर्न कठिन भएको छ ।**

**यस महामारीको को समयमा स्वास्थ्य सेवा र औषधोपचार, शिक्षा (सामुदायिक विद्यालय), खाद्य सुरक्षा, कृषि उत्पादन उत्पादकत्व वितरण बजार व्यवस्था तथा आपूर्ति पशुपंछि पालन, रोजगारी र आय आर्जन, वैदेशिक रोजगारीबाट फर्कनेहरूलाई रोजगारी, सीपमूलक शिक्षा, थप जनसंख्याका कारण पालिका सेवा व्यवस्थापनमा पर्ने चाप तथा दवाब पालिकाको योजना प्राथमिकता र नयाँ कार्यशैलीको आवश्यकता बढ्दो घरेलु हिंसा (बालबालिका तथा महिला हिंसा) यस बसबरिया गाउँपालिकाको प्रमुख चुनौती रहेको छ।**

**श्रद्धेय अध्यक्ष महोदय,**

अव म चालु आ.व. २०७६/०७७ को वार्षिक कायक्रमको समिक्षा गर्न अनुमति चाहन्छु ।

चालु आ.व.को लागि यस सम्मानित सभाले कुल विनियोजित रु ३६ करोड १० लाख ९५ हजार ५५५ रुपैया मध्ये चालु आ.व.को अन्त्य सम्म कुल बजेटको ६० प्रतिशतभन्दा बढी खर्च हुन सक्ने अनुमान गर्न सकिन्छ ।

चालु आ.व.मा सम्पन्न भएका र सुचारु रहेका योजना तथा कार्यक्रमको विश्लेषण गर्दा भौतिक पुर्वाधार तर्फ सडक विस्तार तथा स्तरोन्नतीको काम भएको छ तथा अन्य वडा भित्रका सडकहरु निर्भानाधिन र निर्माण सम्पन्न भएका छन् ।

सामाजिक विकास तर्फ आदिवासी जनजाति, दलित, अपाङ्ग, पिछडा वर्ग लगायतका लक्षित समुहहरुको क्षमता विकास तथा सशक्तिकरणका लागि विविध कार्यक्रमहरु सफलतापूर्वक सञ्चालन गरिएका छन् ।

गाउँपालिकावाट चालु आ.व.मा विपन्न वर्गका महिलाहरुलाई सीप मूलक तालिम प्रदान गरी स्वरोजगारमा आधारित उद्यमशिलता विकासको लागि कार्यक्रम सञ्चालन गर्न सफल रह्यो । दलित तथा अपाङ्ग मैत्री कार्यक्रमहरु गाउँपालिकाले संचालन गरेको छ ।

गाउँभित्र डेंगु तथा कालाजार जस्ता रोगबाट बच्नको लागि ६ ओटौ वडामा किटनाश विषादी छर्किने काज सफलतापूर्व सम्पन्न भएको छ ।

आर्थिक विकास तर्फ कृषि तथा पशु स्वास्थ्य कार्यक्रममा विनियोजित वजेटबाट विविध कार्यक्रम सञ्चालन गरी आम कृषकको हित प्रवर्द्धनमा ठोस टेवा पुग्न गएको छ । सबै वडामा पशु खोप कार्यक्रम सफलतापूर्वक सम्पन्न हुनु तथा घुम्ति पशु स्वास्थ्य शिविर संचालन गरी नगरबासी कृषकले सेवा सुविधा आफनै घर आंगनमा पाउँदा नगरले गौरब महसुस गरेको छ ।

चालु आ.व.मा नगर तथा ६ वटा वडामा इन्टरनेट सेवा स्थापना गरी विद्युतीय माध्यमबाट सेवा प्रवाहलाई प्रभावकारी वनाउने तर्फ गाउँपालिकाले ठोस प्रयास गरेको छ । यस गाउँपालिको कर्मचारी दरवन्दी हालसम्म पनि रिक्त भएकोले न्युन जनशक्तिवाट अधिकतम प्रगति हासिल गर्नु पर्ने भएकोले समग्रमा केहि कम भौतिक प्रगति देखिएता पनि पछिल्लो प्रवृत्ति विश्लेषण गर्दा प्रगति सन्तोषजनक भएको पाउन सकिन्छ ।

**आदरणीय यस सभाका सदस्य ज्यूहरु अब म यस बसबरिया गाउँपालिकाको आ.ब.२०७७/०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गइरहेको छु**

**आ.ब. २०७७/०७८ का लागिसमृद्धि एवं प्रगतिका खातिर देहाय बमोजिमका नीति तथा कार्यक्रम तयार गरेको छु । यिनै नीतिको सम्बोधन एवं कार्यक्रमको कार्यान्वयन हुने गरी केन्द्रीय सरकारबाट विनियोजित वित्तीय समानीकरण तर्फ ९ करोड २८ लाख, राजश्व बाँडफाँड तर्फ ३ करोड, सशर्त अनुदान तर्फ १० करोड १० लाख, समपुरक तर्फ १ करोड ६० लाख, प्रदेश सरकार बाट १ करोड ९९ लाख ६८ हजार र राजश्व बाट अनुमानित आम्दानी हुने २० लाख गरि जम्मा रु. २६ करोड १७ लाख ६८ हजारको परिधि भित्र रही कार्यक्रम र चालु आ.व. को आय व्यय बिबरण तर्जुमा गरिनेछ**

नीति तथा कार्यक्रम प्रस्तुत गर्नुपूर्व यस गाउँपालिकाको दिर्घकालिन सोच (Vision), लक्ष्य (Goal), उद्देश्य (Objective) र अपेक्षित उपलब्धीको बारेमा छोटो प्रस्तुत गर्दछु ।

**सोच**

समृद्ध बसबरियाको आधार शिक्षा, कृषि, जनशक्ति र पुर्वाधार ।

**लक्ष्य**

पुर्वाधार विकास, व्यवसायिक कृषि र उद्यमशिलताको माध्ययमबाट समृद्ध समाजको निर्माण गर्ने ।

**उद्देश्य**

१) प्रत्येक वडा अन्तर्गत टोल टोल बिच बाह्रै महिना नै सहज ढंगले यातायात सञ्चालन हुने उचित व्यवस्था मिलाउने ।
२) आधुनिक कृषि प्रणालीको विकास गरी कृषि सेवा केन्द्रको स्थापना, कृषि उतपादनको बजारिकरण तथा विस्तारिकरण मार्फत गरिवी न्यूनीकरणमा जोड दिने ।
३) गुणात्मक शिक्षाको माध्यमबाट सुशिक्षित समाज निर्माणमा जोड दिने ।
४) स्वास्थ्य समस्यालाई निराकरण गर्दै स्वास्थ्य सेवालाई सबै नागरिकको पहुच योग्य र सर्वसुलभ बनाउने ।
५) सिपमुलक तालिम र ज्ञानको माध्यमबाट दक्ष जनशक्ति निर्माण गरी रोजगारीका अवसरहरु सिर्जन गर्ने ।
६) सेवा प्रवाहलाई स्वचालित प्रणालीमा आवद्ध गरी सुशासन प्रवद्धनमा टेवा पुर्‍याउने ।

## अपेक्षित उपलब्धी

### पूर्वाधार विकास तर्फ

- मूल सडकका साथै वडा केन्द्र जोड्ने सडक बाह्रै महिना सहज सञ्चालनमा आउने ।
- प्रत्येक गाउँ सडक सञ्जालमा जोडिएको हुने ।

### आर्थिक विकास

- आधुनिक कृषि प्रणाली विकास गर्न युवाको सहभागिता र कृषि उपजलाई सहज रुपमा बजारीकरण हुने
- व्यवसाय घरेलु तथा साना उद्योगहरुको संख्यामा वृद्धि हुने ।
- साना सहकारीहरुको गाउँमा नै स्थापना हुने आधार तय हुने ।
- कृषिउत्पादन वृद्धि गर्ने साना सिंचाइ सुविधाहरु प्राप्त हुने ।

### सामाजिकविकास

- सबै बालबालिका विद्यालयमा भर्ना भएको हुने ।
- बालबालिकाको उपस्थिति दर वृद्धि गर्दै सिकाइ स्तर सुधार हुने ।
- स्वचालित अनुगमन प्रणाली मार्फत शिक्षाको गुणस्तरमा सुधार हुने ।
- प्रत्येक नागरिकले आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने ।
- विद्युतीकरण र वैकल्पिक उर्जा प्रवर्द्धन हुने ।

### वनवातावरण तथा विपद व्यवस्थापन

- सार्वजनिक तथा ऐलानी जग्गाहरुमा वृक्षारोपण गरी वातावरणीय स्वच्छता कायम भएको हुने ।
- जल उत्पन्न प्रकोपको क्षति न्युनिकरण हुने ।
- विपद व्यवस्थापनको तयारीको लागि आवश्यक सामाग्री तथा उपकरणको सहज उपलब्धी हुने ।

### संस्थागत विकास तथा सेवा प्रवाह

- संस्थागत अभिलेखहरु चुस्त दुरुस्त रुपमा व्यवस्थापन हुने ।
- व्यक्तिगत घटना दर्ता सम्बन्धी सेवा प्रभावकारी हुने ।
- विद्युतीय सरकारको अवधारणा कार्यान्वयन हुने ।

### वित्तीय व्यवस्थापन तथा सुशासन

- स्थानीय सरकारको सेवाप्रवाह पारदर्शी तथा जवाफदेही हुने ।
- वेरुजु न्युनिकरण हुने ।

- राजश्वका सम्भावित क्षेत्रहरु पहिचान हुने ।

## नीति तथा कार्यक्रम

### शिक्षा : "सबैका लागि निशुल्क र गुणस्तरीय शिक्षा, हाम्रो प्रतिबद्धता"

- प्रत्येक वडामा माध्यमिक तहसम्म निःशुल्क, अनिवार्य र गुणस्तरीय शिक्षा सर्वसुलभ गराइनेछ । अंग्रेजी माध्यमबाट पठनपाठनको व्यवस्था गर्ने विद्यायलाई विशेष सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- यस गाउँपालिका अर्न्तगतका विद्यालय उमेरका सबै बालबालिकाहरु विद्यालयमा भर्ना भई नियमित उपस्थित गराउन र सिकाई स्तर वृद्धि गर्न जोड दिइनेछ । यसको लागि अनुगमन प्रणालीको विकास गरिनेछ ।
- गाउँपालिका भित्रका सम्पुर्ण विद्यालयहरुमा कार्यरत शिक्षकलाई शिकाइ उपलब्धीका आधारमा पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।
- **विद्यालयहरुको भौतिक अवस्थाको स्तरोन्नति गरिनेछ,नमूना बालविकास केन्द्र सञ्चालन गरिनेछ । साथै दलित, अतिविपन्न, अपांगता भएका बालबालिकाहरुलाई भर्ना गर्न प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।**
- **किशोरीहरुलाई प्राविधिक शिक्षातर्फ आकर्षित गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ, महिलाहरुलाई अनौपचारिक शिक्षा लिने तर्फ प्रेरित गरिनेछ ।**

### स्वास्थ्य

- **कोरोना संक्रमणको पूर्वानुमान तथा जाँच, सर्भेक्षण गर्ने**
- **भौतिक दूरी कायम राख्ने, व्यक्तिगत व्यवहार र सरसफाई सम्बन्धी जनचेतना जगाउने**
- **क्वारेन्टिन र आइसोलेसन सेन्टरको प्रवन्ध गर्ने**
- **आइसियु, भेन्टिलेटर, प्रयोगशाला, एक्सरे र सामान्य सर्जरी सुविधा सहितको ५ देखि १५ वेडको जनरल अस्पतालको निर्माण एवं सञ्चालन गर्ने**
- **आधारभूत स्वास्थ्य (खोप, पोषण, परियार नियोजन, प्रजनन स्वास्थ्य, वालस्वास्थ्य, सरुवा रोग, नसर्ने रोग, विकलांगता, मानसिक रोग, जेष्ठनागरिक सेवा, सामान्य आकस्मिक सेवा, स्वास्थ्य प्रवर्द्धन, आयुर्वेद सेवा) प्रदान गर्ने**
- **शून्य होम डेलिभरी सेवा सुनिश्चित गर्ने**
- **समुदाय/टोलविकास संस्था परिचालन गर्ने**
- **औषधि व्यवस्थापन गर्ने**
- **स्वास्थ्य सामग्री व्यवस्थापन**
- **टेलिमेडिसिन (अस्पताल र रिफरल अस्पताल, स्वास्थ्य चौकी र अस्पताल)**

### कृषि, पशु तथा सहकारी

- **कृषि कार्यलाई सहज तुल्याउन ठाउँठाउँमा कृषि सडकहरु निर्माण गरिनेछ ।**
- **पशुपालनलाई व्यवसायिक बनाउँदै कृषकहरुको आयस्तर वृद्धि गर्ने, पशु बीमा तर्फ कृषकहरुलाई आकर्षित गराउने किसिमका नीतिहरु अवलम्बन गरिनेछ ।**
- **बसबरिया गाउपालिकालाई कृषि उपज र पशुपालनमा आत्मनिर्भर बनाउन विविध कार्यक्रम सञ्चालन गरिनेछ ।**
- **सहकारीको माध्यमबाट एकजुट भई आर्थिक समृद्धि हासिल गर्ने तर्फ नागरिकहरुलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।**

- **सहकारीका सुपथ मूल्य पसल** खोल्न प्रोत्साहित गरिनेछ ।
- **सहकारी खेती र सामूहिक खेती** लाई प्रोत्साहित गरिनेछ ।
- **आईपिएम र कृषक पाठशाला लागू** गरिनेछ ।
- **उन्नत जातका वीउ बिजन बिक्री गर्ने, अर्ग्यानिक खेती गर्ने, प्रांगारिक मलको उत्पादन र प्रयोग बढाउने, जैविक बिषाद उत्पादन र उपयोग गर्ने, सिँचाई सुविधा व्यवस्थापन** गरिनेछ ।
- **कृषि उत्पादनको बजार व्यवस्थापन, ग्रेडिङ्ग, प्याकेजिङ्ग, स्टोर व्यवस्थापन, कोल्ड स्टोर, प्रोसेसिङ्ग, ब्राण्डिङ्ग** गरिनेछ ।
- **कृषि क्षेत्रमा अर्ग्यानिक उत्पादनलाई बढावा** दिइनेछ ।
- **उन्नत जातका वीउ बिजनको माध्यमद्वारा सहकारी र सामूहिक खेतीमा जोड** दिइनेछ ।
- **खेती-किसानीसँगै पशुपालनलाई एकीकृतढंगले विकास** गरिनेछ ।
- **कुखुरा,बट्टाई पालन, खसी,रागां पालन तथा बंगुर पालनबाट मासुजन्य पदार्थमा आत्मनिर्भर** गरिनेछ ।
- **शित भण्डार, चरन विकास, पशु बधशाला, प्रकोप नियन्त्रण लगायतको काम** गरिनेछ ।

## आर्थिक विकास र रोजगारी

- **उद्यमशीलता, स्वरोजगार र औद्योगिकीकरणबाट रोजगारी श्रृजना गरिनेछ ।**
- **सेवा व्यवसाय बढी लाभयुक्त हुन्छ, यस्मा स्थानीय यूवालाई उत्प्रेरित गरिनेछं ।**
- **टोल टोलमा समूह गठन गरी आयमूलक र सीपमूलक तालीम गरिनेछ ।**
- **बेरोजगार युवालाई तालीम र वीऊ पूजी दिने प्रबन्ध** मिलाइनेछ ।
- **रोजगारी दिने परियोजना र आर्थिक क्रियाकलापलाई प्राथमिकता** दिईनेछ ।
- **लघु औद्योगिक ग्राम स्थापना गरिनेछ ।**
- **लगानी सम्मेलनका लागि बजेट विनियोजन गरिनेछ ।**
- **नागरिकमा बचत गर्ने बानी विकास गर्ने कार्यक्रम घोषणा गरिनेछ ।**
- **एक वडा एक उत्पादनको अवधारणामा बनाइनेछ ।**
- **'गाउँ प्रहरी' भर्ना गर्ने** कार्यलाई अघि बढाईनेछ।

## खानेपानी तथा सरसफाइ

- **चालु आ.व.** सबै नागरिकको घरमा सफा खानेपानीको व्यवस्था मिलाइनेछ ।
- **विद्यायलमा अध्ययनरत किशोरीहरुको महिनावारी स्वच्छ र मर्यादित बनाउन आधारभूत र माध्यमिक विद्यालयहरुमा स्वच्छता कुनो स्थापना गरी** निशुल्क सेनेटिरी प्याडको व्यवस्था गरि **सञ्चालन गरिनेछ ।**
- **गाउपालिकाभित्रका सार्वजनिक स्थलमा प्रतिक्षालय, सार्वजनिक शौचालय निर्माण , फोहरमैला कन्टेनरको व्यवस्था गर्दै स्वच्छता र पर्यावरण संरक्षणलाई प्रवर्द्धन गरिनेछ ।**
- **पूर्ण सरसफाइलाई कार्यान्वयनमा ल्याउन जीवनशैली, संस्कारमा परिवर्तन गर्नेतर्फ सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।**
- **धुँवा, धुलो, अनावश्यक आवाजको नियन्त्रण** गरिनेछ ।
- **नियमितरुपमा बजार अनुगमन** गरिनेछ ।

## महिला, बालबालिका तथा लक्षित समूह

- **महिला सशक्तिकरणका लागि समुदायमा रहेका आर्थिक एवं सामाजिक रुपले विपन्न महिलाहरुलाई समूहमा आवद्ध गरी ज्ञान, सीप तथा क्षमता अभिवृद्धि गर्न महिला लक्षित कार्यक्रम सञ्चालन गरिनेछ ।**
- **बालविवाह, दहेजप्रथा, बोक्सीप्रथा जस्ता विद्यमान कुसंस्कृतिलाई अन्त्य गर्ने, घरेलु हिंसा न्यूनीकरण गर्ने जस्ता कार्यलाई अभियानको रुपमा अघि बढाइनेछ ।**
- **बालमैत्री स्थानीय शासन लागु गर्न प्रारम्भिक चरणमा रणनीतिक योजना तर्जुमा, बालक्लब गठन जस्ता कार्यलाई अघि बढाइनेछ ।**
- **गाउपालिकाको सरहदभित्रका पसल, कारखाना लगायत सबै किसिमका व्यवसायहरुलाई बालश्रममुक्त बनाउने कार्यक्रम सञ्चालन गरिनेछ ।**
- **अपांगता भएका व्यक्तिहरुको आवश्यकता पहिचान गरी सहायक सामाग्री उपलब्ध गराउनेछ । साथै अपांगता भएका व्यक्तिको निजी प्रयोजनका लागि कुनै प्रकारको सिफारिसमा दस्तुर व्यवस्था गरिनेछ ।**
- **दलित, अल्पसंख्यक, पिछडिएका, वञ्चितिकरणमा परेका समुदायको सशक्तिकरणका लागि सचेतनामूलक क्रियाकलापहरु सञ्चालन गरिनेछ ।**
- **स्थानीय तहको अधिकार क्षेत्रभित्र जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति असक्तहरुको व्यवस्थापन पनि पर्छ । उनीहरुलाई परिचय पत्र दिनुपर्छ ।**
- **ज्येष्ठ नागरिक** लाई **दैनिक मनोरञ्जनका लागि मिलन केन्द्र स्थापना**को व्यवस्था मिलाइनेछ ।
- **ज्येष्ठ नागरिक** लाई **धार्मिक पर्यटन भ्रमण**को व्यवस्था मिलाइनेछ ।
- **अस्पतालमा अलग्गै बेडको** व्यवस्था मिलाइनेछ ।
- **छोरा-छोरीको कमाईको निश्चित प्रतिशत वा आमाले पाउने कानून निर्माण** गरिनेछ ।
- गाउँपालिका तथा वडा कार्यालयहरुमा पञ्जीकरण शाखाको व्यवस्थापन गरी घट्ना दर्ता कार्यलाई व्यवस्थित गरिने छ ।
- घटना दर्तालाई आ.व. ०७७/०७८ बाट अनलाइन दर्ता गर्ने व्यवस्था मिलाइने छ ।
- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न बैंक मार्फत भत्ता वितरण गर्ने कार्य सुरु गरिने छ ।
- घट्ना दर्ता सम्बन्धी तालिम, गोष्ठी जस्ता कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाईने छ ।

## संस्कृति प्रवर्द्धन, खेलकुद तथा मनोरन्जन

- **वडा एवं बस्तीहरुलाई पायक पर्ने स्थानमा धर्मशाला निर्माण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।**
- **खेलकुद कार्यलाई प्रोत्साहन गर्न विद्यालयमा खेलकुद सामाग्री वितरण, अतिरिक्त क्रियाकलापको व्यवस्था, युवाहरुलाई खेलकुदमा प्रोत्साहन गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ ।**
- **आम जनतालाई सूचना प्रवाह गर्दा जनताले बुझ्ने भाषाको छनौट गरिनेछ ।**
- **सबै प्रकारका स्थानीय संस्कृति, चाडपर्वको संरक्षण र सम्बर्द्धनका लागि बजेट छुट्याउने** छ ।

## सूचना, संचार तथा सुशासन प्रवर्द्धन

- **अप्टिकल फाइवर वा वायरलरेस प्रविधिबाट सूचना महामार्ग** निर्माण गर्ने
- **डिजिटल साक्षरता सञ्चालन** गर्ने

- **अनलाईन सेवा सञ्चालन तथा सूचना प्रविधिको प्रयोग** बढाउने
- **अनलाईन, एफएम, टेलिभिजनमार्फत पठनपाठन कार्यक्रम सञ्चालन**
- **व्यवसायिक शिक्षा र तालिम सञ्चालन** गर्ने
- **विद्युतीय शासनको प्रयोग गर्दै कार्यालयको अभिलेख व्यवस्थापन, नागरिक वडापत्रको निर्माण, सेवा प्रवाह प्रणाली लगायत सम्पूर्ण कार्यसम्पादनको गुणस्तर वृद्धि गरि चुस्त र छरितो व्यवस्थापन प्रवर्द्धन गर्ने नीति अवलम्बन गरिनेछ।**
- **कार्यालयको वेबसाइट साइटमार्फत सुचनाको हक सम्बन्धि ऐन, २०६४ बमोजिमको सूचना, विलहरु लगायत सम्पूर्ण क्रियाकलापहरु मासिक रुपमा सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ।**
- **तत्काल** यस बसबरिया गाउँपालिकाले **आफैले एफ. एम. सञ्चालन गर्न नसक्ने** भएकोले **निजी-सरकारी साझेदारीमा सार्वजनिक सूचना आह्वान गरी एफ. एम. सञ्चालनमा** ल्याउनेछ।
- **दसञ्चार सेवा प्रदायक निकाय, कम्पनीहरुसँग समन्वय गर्दै यस गाउपालिका क्षेत्रमा सञ्चार सेवाको रेन्ज बढाइनेछ।**
- **गाउपालिकाद्वारा सञ्चालन भइरहेका गतिविधिबारे नागरिकलाई सुसूचित गराउन, सुशासनको प्रत्याभूति दिलाउन वडास्तर र गाउपालिकास्तरबाट सार्वजनिक लेखापरिक्षण गर्ने व्यवस्था मिलाइनेछ।**

## सडक, सार्वजनिक सम्पत्ति तथा विजुली बत्ती

- **चाल आ.व.मा पछिल्लो ३ वर्षका लागि आवधिक योजना तर्जुमा गरि सोही अनुसार पूर्वाधार विकास निर्माणको वृहत खाका निर्माण गरिनेछ।**
- **गाउक्षेत्रका सडकहरुमा सडकवत्ती जडान गर्ने व्यवस्था मिलाइनेछ साथै विद्युत प्राधिकरणसँग समन्वय गरी मिटर जडान कार्य सम्पन्न गरिनेछ।**
- **सार्वजनिक जग्गा तथा सडक अतिक्रमण भइरहेको अवस्थामा यस वर्ष सार्वजनिक सम्पत्ति छुट्याइ संरक्षण गर्ने, घेराबेरा गर्ने जस्ता कार्य गरिनेछ।**
- आगामी आ.व. देखि पालिका भित्र नयाँ वन्ने सवै घर तथा संरचनाहरु निर्माणमा नक्सा पासलाई अनिवार्य गरिनेछ।
- नदीमा **तटबन्ध**को काम गरिनेछ।
- **यस वर्ष उत्कृष्ट कार्यसम्पादन गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ।**
- **पूर्वाधार निर्माण गर्दा अपागंमैत्री, बालमैत्री, वातावरण मैत्री जस्ता अन्तर्सम्वन्धित समसामयिक मुद्दाहरुलाई समावेश गर्ने किसिमको संरचना तयार गर्ने नीति अवलम्बन गरिनेछ।**

## जनसंख्या, तथ्याङ्क तथा विपद् व्यवस्थापन

- **बसबरिया गाउपालिकाको विकासको योजना तयार गर्न चालु आ.व.मा एकीकृत रुपमा तथ्यांक संकलन गरी वस्तुगत विवरण तयार गरिनेछ।**
- **गाउपालिकाभित्रका घरधुरीहरु परिवार र जातजातीको विस्तृत रुपमा तथ्यांक राखिनेछ।**
- **जग्गा जमिनको बर्गिकरण, सार्वजनिक जमिन, वन क्षेत्र, खोला र मैदानका विस्तृत रुपमा तथ्यांक राखिनेछ।**
- **यसैगरी कृषि उव्जनी, पशुपालन, पंक्षी, चराचुरुङ्गी, वन्यजन्तुको तथ्यांक राखिनेछ ।**
- **स्कूल, विद्यार्थी, शिक्षक, स्वास्थ्य चौकी, बिरामी संख्या, हुलाक, पत्राचारको संख्या, सहकारी, सहकारीका बचतकर्ता, घरेलु उद्योगका लागि तालीम लिएका व्यक्तिहरुको 'इन्भेण्टरी' तयार** गरिनेछ।

- बार्षिक योजना तथा कार्यक्रम लगायत सरकारले अवलम्बन गरेका नीति तथा कार्यक्रमको कार्यान्वयनको अवस्थाबारे प्रभावकारी अनुगमन र मूल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउपालिकाभित्र आगलागी, बाढी, पहिरो भुइचालो लगायत विपद् बाट सिर्जित समस्या एवं क्षतिहरुको अवस्थामा राहत प्रदान गर्न रकम छुट्याई निश्चित मापदण्डका आधारमा आवश्यक कार्यक्रम गर्ने निती अवलम्बन गरिनेछ ।
- खाद्यान्नको 'बफर स्टक' राख्नु पर्छ । औषधिको प्रबन्ध गरिनेछ ।
- बाढी जाने गरेको छ भने 'साईरन' को प्रबन्ध मिलाइनेछ ।
- आम युवालाई विपद व्यवस्थापनको तालीम दिने व्यवस्था मिलाइनेछ ।
- भूकम्परहित घर निर्माणमा जोड गरिनेछ ।

## राजस्व व्यवस्थापन

- गाउको दिगो विकासका लागि कर तिरौं भन्ने नारा सहित कर तिरी विकास निर्माणमा योगदान गर्न नागरिकहरुलाई प्रोत्साहन गरिनेछ ।
- नेपालको संविधानको अनुसूची ८ बमोजिम गाउपालिकाको अधिकार क्षेत्रका विषयमा करका दर निर्धारण गरी सम्पूर्ण नागरिकलाई करको दायरामा समेट्ने प्रयास गरिनेछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम वि.सं.२०७७ साउन १ गतेदेखि एकीकृत सम्पत्ति कर लागु गर्नका लागि यससम्बन्धि सम्पूर्ण पूर्वतयारी पुरा गरिनेछ ।
- सबैभन्दा बढी कर तिर्ने करदाताहरुलाई इमानदार र कर्तव्यनिष्ठ नागरिकको रुपमा अभिलेखन गर्दै सम्मान गर्ने नीति अवलम्बन गरिनेछ ।
- बसबरियाको स्थानीय राजस्वलाई विकासको मेरुदण्डको रुपमा स्थायी र दिगो स्रोतका रुपमा विकास गर्ने साथै राजस्व संकलनलाई बढोत्तरी दिने किसिमका योजना छनौट कार्यलाई प्राथमिकतामा राखिनेछ ।
- गाउपालिकाबाट सेवा प्रवाह गर्दा नियमानुसार कर एवं राजस्व तिर्ने कार्यलाई सेवा सँग आवद्ध गरिनेछ ।
- गाउपालिकाभित्र सबै भन्दा बढी कर संकलन गर्ने वडाका पदाधिकारी एवं कर्मचारीहरुलाई सम्मानित गरिनेछ साथै सोही अनुपातमा आगामी वर्षका योजनामा सो वडाको वडागत बजेट सिलिङमा थप गरी प्राथमिकतामा राखिनेछ ।

### आदरणीय गाउँसभा सदस्य ज्यूहरु

हाम्रा आवश्यकताहरु असिमित छन, तर स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनबाट समग्र बसबरिया बासीको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चूनौतिपूर्ण छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकता पूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो आवश्यकता र वाध्यता रहेको छ । यस तर्फ सम्पुर्ण सदस्य ज्यूहरुको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।
वजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने वजेट तथा कार्यक्रम तर्जुमा समितका सदस्य ज्युहरु, राजस्व परामर्श समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिका अध्यक्ष एवं सदस्य ज्यूहरु लगायत सम्पुर्ण राष्ट्रसेवक कर्मचारी मित्रहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

१० असार, २०७७

राम अयोध्या

गाउँपालिका अध्यक्ष